बैंठक संख्याः- ३५

आज मिति २०८२/१०/०९ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्की शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

## सोलुदुधकुण्ड नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मितिः- २०८२/१०/०९ गते

समयः- विहान ११:०० बजे

स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष

| | | |
|---|---|---|
| १. | तहवृद्धि समितिको गठन सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकामा कार्यरत पशु सेवा प्राविधिक श्री प्रमित मगरलाई सहायकस्तर पाँचौंबाट अधिकृतस्तर छैठौं तहमा स्तरवृद्धि गर्न सिफारिस प्रयोजनका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७(४) बमोजिम देहाय अनुसार तहवृद्धि सिफारिस समिति गठन गर्ने निर्णय गरियो।<br>➢ अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत श्री टुक्ती शेर्पा<br>➢ सदस्यः अधिकृतस्तर आठौं श्री राम कुमार खड्का<br>➢ सदस्यः अधिकृतस्तर सातौं (शिक्षा) श्री रोजिना पौडेल |
| २. | नुम्वुर भोकेशनल तालीम केन्द्र संचालन साझेदारी सम्वन्धमा | नुम्बुर भोकेशनल तालिम केन्द्र सञ्चालन तथा साझेदारी सम्बन्धी कार्यविधिमा "आवश्यक व्यवस्थापन" सम्बन्धी व्यवस्था अनुसार तालिम केन्द्र सञ्चालनका लागि आवश्यक बजेट स्थानीय तह, साझेदार संस्था, संघीय/प्रदेश सरकार वा अन्य दातृ निकायबाट प्राप्त स्रोत अनुसार विनियोजन तथा समन्वय तथा सहकार्य गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| ३. | विभिन्न जातीय संघसंस्थाका साँस्कृतिक कार्यक्रम संचालनको सहयोग रकम सम्वन्धमा | नेपाल शेर्पा संघ जिल्ला कार्य समिति लगायत विभिन्न जातीय संघसंस्थाहरुबाट ग्याल्पो ल्होसार लगायतका साँस्कृतिक कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग माग भई आएको सन्दर्भमा, स्थानीय कला, संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही प्रत्येक जातीय संस्थाको कार्यक्रमलाई रु. ५०,०००/- (पचास हजार मात्र) का दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| ४. | नगरपालिकाको मध्यमकालीन खर्च संरचना अद्यावधिक गर्ने सम्वन्धमा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित आर्थिक ऐन नियमावली बमोजिम यस सोलुदुधकुण्ड नगरपालिकाको विकास योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र नतिजामुखी बनाउन आवश्यक भएकोले हाल कायम रहेको मध्यमकालीन खर्च संरचनालाई अद्यावधिक गर्ने निर्णय गरियो। |
| ५. | नगरपालिकाको राजश्व सुधार योजना निर्माण सम्वन्धमा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम नगरपालिकाको आन्तरिक आय वृद्धि, राजश्व संकलन प्रणाली सुदृढीकरण तथा दिगो आर्थिक स्रोत सुनिश्चित गर्न, आन्तरिक राजश्व वृद्धि गर्ने, करको दायरा विस्तार गर्ने, कर प्रशासनलाई पारदर्शी र प्रभावकारी बनाउने, करदाताको अनुपालन वृद्धि गर्ने तथा दिगो वित्तीय स्रोत सुनिश्चित गर्ने उद्धेश्यले यस नगरपालिकाको राजश्व सुधार योजना निर्माण गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ६. | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्वन्धमा | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ बमोजिम यस सोलुदुधकुण्ड नगरपालिकामा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिम स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिल<br>अध्यक्ष - नगर प्रमुख<br>सदस्य - प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य - संयोजक, सामाजिक विकास समिति<br>सदस्य - प्रमुख, आर्थिक प्रशासन शाखा<br>सदस्य - प्रमुख, सामाजिक विकास शाखा<br>सदस्य - प्रतिनिधि, स्थानीय तहमा रहेको बैंक तथा वित्तीय संस्था<br>सदस्य - प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघ<br>सदस्य सचिव- रोजगार संयोजक |
| ७. | लागत साझेदारीमा गर्ने सम्वन्धमा | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धन क्रियाकलाप सञ्चालन गर्न यस सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११, तिङलामा लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रकम रु. ४,९४,०००/- (अक्षरेपी चार लाख चौरानब्बे हजार मात्र) र वडा नं. ११को रु ५ लाख लागत साझेदारीमा आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धन सम्बन्धी क्रियाकलाप/आयोजना सञ्चालन गर्ने निर्णय गरियो। |
| ८. | श्रम मैत्री नीति २०८२" समवन्धमा | स्थानीय तहभित्र श्रमिकहरुको हक, हित संरक्षण, सुरक्षित तथा मर्यादित रोजगारीको प्रवर्द्धन, श्रम शोषण नियन्त्रण तथा श्रमिक मैत्री वातावरण निर्माण गर्ने उद्देश्यले तयार गरिएको "श्रम मैत्री नीति २०८२" माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो |